# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८३।०३।२४ गते।

# प्रेस विज्ञप्ति

### विषय: नियन्त्रणमा लिइएको ।

जिल्ला सिरहा, सव-डिभिजन वन कार्यालय बन्दीपुरका कार्यालय प्रमुख (अधिकृत आठौं) राम केवल राय यादवले उद्योगको लागि ल्याएको काठहरु सिलबन्दी अनुसार भए/नभएको रुजु गरी कागजात सहितको फाइल फिर्ता गर्ने क्रममा दुःख हैरानी दिई सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवासबाट खटिई गएको टोलीले निज कार्यालय प्रमुख राम केवल राय यादवलाई सेवाग्राहीबाट रु.१२,०००।—(बाह्र हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकम तथा श्रोत नखुलेको रू.१,३३,१२०।— (एक लाख तेत्तीस हजार एक सय वीस रुपैयाँ) गरी जम्मा रु.१,४५,१२०।— (एक लाख पैतालीस हजार एक सय वीस रुपैयाँ) र मोबाइल थान-१ सहित निजलाई जिल्ला सिरहा, कर्जन्हा नगरपालिका वडा नं. ४ स्थित मिर्चौयाबाट बन्दीपुर जाने महेन्द्र राजमार्गबाट मिति २०८३।०३।२३ गते नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ ।

प्रवक्ता

सुरेश न्यौपाने